आज मिति २०७६/०५/२७ गते शुक्रबारका दिन यस माईजोगमाई गाउँपालिकाका अध्यक्ष श्री जीत बहादुर राई ज्यूको अध्यक्षतामा माईजोगमाई गाउँकार्यपालिकाको ६९ औं बैठक देहायका सदस्यहरुको उपस्थितिमा बसि तपशिल बमोजिमका प्रस्तावहरु उपर छलफल गरि निर्णयहरु गरियो ।

**उपस्थिति**

| | | |
|---|---|---|
| श्री जीत बहादुर राई | माईजोगमाई गा.पा. | अध्यक्ष |
| श्री सावित्रा भट्टराई | माईजोगमाई गा.पा. | उपाध्यक्ष |
| श्री याम कुमार कार्की | | १ नं. वडा अध्यक्ष |
| श्री डम्बर बहादुर सुबेदी | | २ नं. वडा अध्यक्ष |
| श्री याम प्रसाद लामा | | ३ नं. वडा अध्यक्ष |
| श्री गणेश राई | | ४ नं. वडा अध्यक्ष |
| श्री दाताराम सञ्जेल | | ५ नं. वडा अध्यक्ष |
| श्री भवानी प्रसाद लिङ्दम | | ६ न वडा अध्यक्ष |
| श्री कविता राई | | सदस्य |
| श्री मीरा देवि खवास | | सदस्य |
| श्री सोम कुमारी साउदेन | | सदस्य |
| श्री मन कुमारी लिम्बु (आङभाङ) | | सदस्य |
| श्री वीर बहादुर देवान | | सदस्य |
| श्री याम बहादुर विश्वकर्मा | | सदस्य |
| श्री चन्द्र प्रकाश बस्नेत | | सदस्य सचिव |

**अन्य उपस्थिति**

श्री शंकर कुमार प्रधान

श्री भीम बहादुर बुढाथोकी

**प्रस्तावहरु**

१. गाउँपालिका अध्यक्षज्यूको बैदेशिक भ्रमण सम्बन्धमा ।
२. संविधान दिवस २०७६ मनाउने सम्बन्धमा ।
३. "घ" वर्गको निर्माण व्यवसायी ईजाजत पत्र सम्बन्धि कार्यविधि २०७६ सम्बन्धमा ।
४. माईजोगमाई गाउँपालिकाको शिक्षा नियमावली २०७६ सम्बन्धमा ।
५. कर्मचारी ईन्द्र बहादुर प्रधानको सेवा सुविधा सम्बन्धमा ।
६. निहारिका समाज सेवा मञ्चलाई कार्यक्रम सञ्चालन अनुमति सम्बन्धमा ।

निर्णयहरु

१. यस गाउँपालिकाको अध्यक्ष श्री जीत बहादुर राई ज्यू लाई संयुक्त राज्य अमेरिकामा बसोबास गर्ने प्रवासी नेपाली समुदायहरुको साझा संस्था न्यू हेम्सायर नेपाली कम्युनिटि (NHNC) ले सन् २०१९ अक्टोवर ५ मा आयोजना गर्ने " The Viabilities and Investment Opportunities in Rural Areas in Nepal from Diaspora " विषयमा NHNC Panel-Discussion मा Panelist को रुपमा सहभागी हुन निमन्त्रणा पठाइएको हुँदा सन् २०१९ sep २९ देखि oct १८ सम्म भ्रमण अवधि हुने गरी र भम्रण सम्बन्धि सम्पूर्ण खर्च आयोजक संस्थाबाट व्यहोर्ने गरी उक्त कार्यक्रममा सहभागी हुन **स्थानीय तहका पदाधिकारीहरुको विदेश भ्रमण सम्बन्धी निर्देशिका, २०७५** को बुदा नं. ५ मा भएको व्यवस्था बमोजिम मनोनयनका लागि संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय समक्ष सिफारिस गरी पठाउने निर्णय गरियो ।

२. संविधान दिवस २०७६ मनाउने सम्बन्धमा छलफल गर्दा यस गाउँपालिकाको अध्यक्ष श्री जीत बहादुर राईज्यूको अध्यक्षतामा संविधान दिवस समारोह समिति निम्न बमोजिम गठन गरी असोज २ र ३ गते संविधान दिवस भव्य रुपमा मनाउने निर्णय गरियो ।

**निम्नः**

१. जीत बहादुर राई - अध्यक्ष
२. सावित्रा भट्टराई - सदस्य
३. याम कुमार कार्की - सदस्य
४. डम्बर बहादुर सुवेदी - सदस्य
५. याम प्रसाद लामा - सदस्य
६. गणेश कुमार राई - सदस्य
७. दाताराम सञ्जेल - सदस्य
८. भवानी प्रसाद लिङ्दम - सदस्य
९. चन्द्र प्रकाश बस्नेत - सदस्य सचिव

३. स्थानीय स्तरको विकास निर्माणमा निजी क्षेत्रको ज्ञान र विषेशज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरीदको मूलभूत विशेषताहरुलाई अक्षुण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, ईमान्दारीता, जवाफदेहीता, विश्वसनियता तथा भेदभाव रहित प्रतिस्पर्धा तथा श्रोत साधनको उच्चतम उपयोग जस्ता उद्धेश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा निजिक्षेत्रको सहज पहुँचको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को छ (१०) ले दिएको अधिकार प्रयोग गरी माईजोगमाई गाउँपालिकाले 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धि कार्यविधि २०७६ स्वीकृत गरी लागु गर्ने निर्णय गरियो ।

४. उक्त सम्बन्धमा छलफल गर्दा यस गाउँपालिकाको शिक्षा ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ ले दिइएको अधिकार प्रयोग गरी गाउँपालिकाको शिक्षा क्षेत्रको विकासका लागि गाउँपालिकाको शिक्षा नियमावली २०७६ स्वीकृत गरी लागु गर्ने निर्णय गरिएको ।

५. यस गाउँपालिकामा कर्मचारी समायोजन ऐन २०७५ बमोजिम समायोजन भई कार्यरत रहेको कार्यलय सहयोगी श्री इन्द्र बहादुर प्रधानको सेवामा छदै मिति २०७५ साल चैत्र १२ निधन भएको हुँदा निजले पाउँने सेवासुविधा नियमानुसार माईजोगमाई गाउँपालिकाको कर्मचारी कल्याण कोषबाट उपलब्ध गराउने निर्णय गरियो ।

६. निहारिका समाज सेवा मञ्चको मिति २०७६ को च.नं ११ पत्रानुसार उक्त मञ्च र अमेरीकी संस्था Open society Foundation ले सञ्चालन गरि रहेको Local Governance: Support and Implementation Project (LG-SIP) को दोस्रो वर्षको कार्यक्रम अन्तर्गत यस गाउँपालिकाको पर्यटन नीति निर्माणको सन्दर्भमा सार्वजनिक नीति निर्माणःपूर्व तयारी सम्बन्धी एक दिने कार्यशाला मिति २०७६ भाद्र ३० गते आयोजना गर्ने निर्णय गरियो ।